आज मिति २०८२ साल मंसिर २४ गतेका दिन त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८२।०८३ को चौथो बैठक गाउँपालिका अध्यक्ष श्री भक्तध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्त ध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री सुनिल नेपाली | |

**प्रस्तावहरुः**

प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : प्रधानमन्त्री रोजगार कार्यक्रमको लाभग्राही विवरण सम्बन्धमा।

प्रस्ताव नं. ३ : स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ४ : एक वडा एक कृषि उत्पादन कार्यक्रम निरन्तरता सम्बन्धमा।

प्रस्ताव नं. ५ : अनुदान रकम निकासा सम्बन्धमा।

प्रस्ताव नं. ६ : छानविन समिति गठन सम्बन्धमा।

प्रस्ताव नं. ७ : विविध।

**निर्णयहरुः**

निर्णय नं. १ : गाउँ कार्यपालिकाको मिति २०८२।०७।२७ गतेको कार्यपालिकाको बैठकबाट भएका निर्णय कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो।

**निर्णय नं. २:** त्रिपुरासुन्दरी गाउँपालिका रोजगार सेवा केन्द्र मार्फत आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने स्वीकृत आयोजनाहरुका लागि छनौट भएका बेरोजगार व्यक्तिहरुको १०० दिन बरारबरको काम गर्नका लागि मिति २०८२/०८/२१ गतेको स्थानीय निर्देशक समितिकोको निर्णय बमोजिम सिफारिस भई आएका कुल ७३ जना लाभग्राहीहरुको सूची स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३ :** त्रिपुरासुन्दरी गाउँपालिका वडा नं २ अन्तर्गत चोकटीमा वर्षयामको अविरल वर्षाद्को कारण कान्ले- चोकटी मोटरबाटो अन्तर्गत कान्ले खण्डमा पहिरो गई लामो समय देखि सडक अवरुद्ध भएकाले उक्त खण्डमा सरसफाई कार्य गरी विपद् व्यवस्थापन कोषबाट भुक्तानी सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८२/०६/०२ गतेको बैठकको निर्णय तथा वडा नं ६ स्थित कालिका पहिरो व्यवस्थापन, टेकानपुर मुल सडकखण्ड तथा शाखा सडक खण्ड सरसफाई र साउनेपानी पहिरो व्यवस्थापन, वडा नं ५ स्थित तौथली गैरीगाउँ घर तथा गोरेटोबाटो संरक्षण कार्य विपद् व्यवस्थापन कोष मार्फत कार्यान्वयन गर्ने सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८२/०८/१५ गतेको बैठकको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४ :** बागमती प्रदेश सरकारको सहयोगमा वडा नं ५, तौथलीमा कार्यान्वय हुने समुदायमा आधारित एक वडा. एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनको लागि सुरुवात कृषि सहकारी संस्था लिमिटेड मार्फत चालु आर्थिक वर्ष २०८२/०८३ मा समेत निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५ :** यस गाउँपालिकाको आ.व. २०८२/०८३ मा विनियोजित विद्यालय अनुदान शिर्षक तर्फ "मंगलामाई माध्यमिक विद्यालय अनुदान" र "सिद्धिकाली आ.वि. अनुदान" शिर्षकमा विनियोजित बजेट शिर्षकबाट सम्बन्धित विद्यालयबाट पेश भए बमोजिमको प्रस्तावना सहितको कागजातका आधारमा सम्बन्धित विद्यालय मार्फत नै प्रस्तावित कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको खातामा विनियोजित रकम एकमुष्ठ क्रमश : रु. ५,००,००० (अक्षरेपी पाँच लाख रुपैंया मात्र) र रु. २,००,००० (अक्षरेपी दुई लाख रुपैंया मात्र) रकम निकासा गर्ने निर्णय गरियो।